**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०३ संख्याः ०१ मितिः २०७९ साल भाद्र ७ गते**

**भाग–२**

**गुराँस गाउँपालिका**

## बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०७९

कार्यपालिकाबाट पारित मिति : २०७९/०५/०५

गुराँस गाउँपालिकामा बालविवाह मुक्त अभियान सञ्चालन गरी बाल विवाह मुक्त वडा तथा पालिका निर्माण गरी बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस निर्देशिकाको नाम “बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, २०७९” रहेकोछ ।

२. यो निर्देशिका गाउँ तथा नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

३. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः**

(क) “बालबालिका” भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले गुराँस गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले गुराँस गाउँपालिका को "अध्यक्ष" सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गुराँस गाउँपालिकाको "उपाध्यक्ष" सम्झनु पर्छ ।

(च) "कार्यपालिका सदस्य' भन्नाले गुराँस गाउँपालिकाको सदस्यलाई सम्झनु पर्छ ।

(छ) "प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिका प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "पीडित" भन्नाले बालविवाह भएका वा हुनसक्ने जोखिममा रहेका व्यक्ति सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले यस गाउँपालिकाको कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ ।

(ञ) "बालविवाह" भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेर भन्दा अगाडि गरिने सबै विवाहलाई सम्झनु पर्छ ।

(ट) "वडाअध्यक्ष" भन्नाले गाउँपालिका अन्तरगतका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ठ) "वडा सदस्य" भन्नाले गाउँपालिका अन्तर्गतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ड) "कार्यपालिका सदस्य" भन्नाले "गाउँपालिकाको गाउँ कार्यपालिकाका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ढ) "सामाजिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ढ) "निजी संस्था" भन्नाले कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य फर्म वा कम्पनी समेतलाई जनाउँछ ।







## परिच्छेद - २

## बालविवाह मुक्त गाउँपालिका वडा घोषणा गर्दा अपनाइने प्रक्रिया

**४. बालविवाहमुक्त गाउपालिका वडा घोषणा गर्दा अपाइने प्रक्रिया**

१) गाउँपालिका तहमा विभिन्न उमेर, लिंग, जातजाति, वर्ग र समुदायका बालबालिका, किशोर किशोरी, शिक्षक, वडा बाल अधिकार समिति, समाजसेवी, धार्मिक अगुवा, प्रहरी, अभिभावकसंग बाल विवाहका विद्यमान कारणहरु र सोको समाधानका उपायहरुका वारेमा छलफल गरी गाउँपालिक स्तरीय वहुक्षेत्रीय बालविवाह अन्त्य सम्वन्धी रणनीतिक योजना निर्माण गर्ने ।

२) वडा तथा गाउँपालिकाको वार्षिकरुपमा जम्मा विवाहको अवस्था र त्यसमा पनि बालविवाहको अवस्थाको तथ्यांक संकलन गर्ने,

३) बालविवाहको तथ्यांकको आधारमा बालविवाह वढी हुने वस्ती, टोल, समुदाय तथा वडा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।

४) गाउँपालिका तथा वडास्तरमा बाल विवाह मुक्त घोषणाका लागि स्थानीय सरोकारवालाहरु समावेश गरी सर्वपक्षीय प्रारम्भिक बैठक आयोजना गर्ने र विद्यालय केन्द्रित अभियान सञ्चालन गर्ने ।

५) बालबिवाहविरुद्ध बालबालिकाहरुमा सचेतना अभिवृद्धि गर्न बाल अभियन्ताहर तयार गरी बालवालिकाको नेतृत्वमा विभिन्न अभियान एवं क्रियाकलाप सञ्चालन गर्ने ।

६) गाउँपालिका/वडास्तरीय सरोकारवालाहरु बीचको वैठकमा बाल विवाह मुक्त गाउँपालिका र वडा घोषणा गर्न आधारभुत सुचक माथि छलफल गर्ने ।

७) गाउँपालिका, वडा कार्यालय तथा सरोकारवाला संघ-संस्थाहरुबाट विनियोजित बजेटमा रही गाउँ तथा वडास्तरीय बाल अधिकार समिति मार्फत बालविवाह मुक्त वडा र गाउँपालिको लागि रणनीतिक योजना अन्तर्गत वार्षिक कार्ययोजना निर्माण गरी विभिन्न बस्ती, टोल, विद्यालय तथा समुदायस्तरमा तालीम, र्‍याली, अभिमुखीकरण, सडक नाटक तथा अर्न्तक्रिया आदि जस्ता कार्यक्रम संचालन गर्ने ।

८) गाउँपालिका तथा वडा बाल अधिकार समिति, विभिन्न राजनैतिक दल, स्थानीय प्रहरी, स्थानीय संघ संस्था, बालक्लव, किशोरी क्लब, युवा क्लब, विद्यालय, स्थानीय धामी झाँक्री समुह, महिला समुह, निगरानी समुह,

आमा समुह, धार्मिक गुरुहरु र स्थानीय राजनीतिक दलमार्फत घरदैलो अभियान एवं हस्ताक्षर संकलन अभियान संचालन गर्ने ।

९) गाउँपालिका तथा नगरपालिकास्तरमा बालविवाहको अवस्था विषयक राजनैतिक दल, बाल अधिकार समिति, बालक्लव, किशोरी क्लब, धार्मिक गुरु, धामी झांक्री समुह, महिला संजाल, लगायतका सरोकारवालाहरु बीच सार्वजनिक संवाद एवं सुनुवाई कार्यक्रम संचालन गर्ने ।

१०) हरेक विद्यालयस्तरमा किशोर किशोरीहरुलाई केन्द्रित गरी बृहत यौनिक शिक्षाका कक्षा एवं सत्रहरु सञ्चालन गर्ने ।

११) विभिन्न महामारी तथा विपदको अवस्थालाई मध्यनजर गरी स्थानीय रेडियो, माईक, पत्रपत्रिका एवं अन्य श्रव्यदृष्य सामाग्रीहरु मार्फत सचेतना अभियान सञ्चालन गर्ने ।

१२) गाउँपालिकालाई बाल विवाह मुक्त घोषणा लागि गाउँपालिका स्तरीय बाल अधिकार समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट निर्णय गर्ने र वडालाई बाल विवाह मुक्त घोषणाका लागि वडास्तरीय बाल अधिकार समितिको निर्णय अनुसार गाउँपालिका स्तरीय बाल अधिकार समितिको सिफारिसमा गाउँपालिका कार्यपालिकाको बैठकबाट निर्णयानुसार बालविवाह मुक्त वडा/पालिका घोषणाका लागि मिति, स्थान तय गरी विभिन्न तयारी उपसमितिहरु निर्माण गर्ने ।

१३) बालविवाह मुक्त गाउँपालिका घोषणाका लागि स्थानीय रेडियो, अनलाईन मिडिया र पत्रिकाहरुसंग आवश्यक सहयोग तथा साझेदारीका लागि प्रचार प्रसार गर्ने ।

१४) स्थानीय धार्मिक गुरु, बाद्यवादक, धामीझाँक्री, पुरेत तथा ज्योतिषीहरु मार्फत आजको दिनदेखी २० बर्षभन्दा मुनीका व्यक्तिहरुको बिवाहको लगन नजुराउने साथै विवाह नगराउने प्रतिबद्धता गराउने ।

१५) गाउँपालिकाले स्थानीय प्रहरीसंग समन्वय गर्ने र बालविवाह नगराउनका लागि सामुदायिक जागरण तथा अन्तरक्रियाका साथै विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

१६) बालविवाह मुक्त वडा र गाउँपालिकालाई घोषणा कार्यक्रमका लागि विभिन्न स्थानीय सांस्कृतिक झलक र बाजागाजाहरु सचेतनामुलक विभिन्न कला प्रस्तुतिहरुको तयारी गराउने ।







१७) बालविवाह मुक्त वडा र उप-महानगरपालिका घोषणा सभाको आयोजना गर्ने र बालविवाह मुक्त पालिका/वडामा सहयोग पुर्‍याउने व्यक्ति, संघ संस्था तथा निकायहरुलाई सम्मान गर्ने ।

१८) बाल विवाह मुक्त वडा घोषणाका लागि वडाको बाल अधिकार समितिले तथा पालिका बाल विवाह मुक्त घोषणाका लागि गाउँपालिका स्तरीय बाल अधिकार समितिले नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

१९) बाल विवाह मुक्त वडा घोषणा भएपछि सर्वपक्षीय छलफलवाट वडा बाल अधिकार समितिले बाल विवाह मुक्त वडा घोषणाका सूचकहरुमा प्रगति कायम राख्न एक अनुगमन संयन्त्र सहितको योजना निर्माण गर्ने

२०) पालिका तथा वडास्तरमा सञ्चालन गरेका विभिन्न बालविवाहमुक्त अभियानहरुको प्रभावकारिता वारेमा आवश्यक अध्ययन अनुसन्धान गरी असल सिकाईहरुको प्रचार प्रसार गर्ने ।

## परिच्छेद - ३

## वडा र पालिकालाई बालविवाह मुक्त घोषणाका सूचकहरू

**५. घोषणाका सूचकहरु**

१) वडा र पालिकामा बिबाहका घटनाहरुको तथ्यांङ्क तथा अभिलेख चुस्तदुरुस्त राखेको हुनु पर्नेछ ।

२) गाउँपालिका मा बाल संरक्षण सयन्त्र बनेको, (बाल अधिकार समिति गठन सम्बन्धी कार्यविधि बनेको, बाल विवाह अन्त्य सम्बन्धी रणनीतिक योजना तथा बाल संरक्षण नीति बनेको, बाल कल्याण अधिकारी तोकेको) हुनु पर्ने ।

३) पालिका तथा वडास्तरमा बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्ने ।

४) गाउँपालिकाले बाल संरक्षण नीति बनाई लागु गरेको हुनु पर्ने ।

५) वडास्तरीय र गाउँ स्तरीय बाल अधिकार समिति क्रियाशिल भएको हुनु पर्ने ।

६) पालिकास्तरमा भएका समुदायमा आधारित संस्था/समिति/निगरानी समुहहरु बाल विवाह विरुद्धमा सक्रीय एवं क्रियाशिल भएका हुनु पर्ने ।

७) बालविवाहका घटनाहरुको उजुरी तथा सम्वोधन संयन्त्र वडा तथा पालिका स्तरमा निर्माण भई सञ्चालनमा आएको हुनु पर्ने ।

८) धामीझाक्री, वाद्यवादक तथा पुरोहित आदिले बाल विवाह गराउन छाडेको तथा वाल विवाह विरुद्धको अभियानमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेको हुनु पर्ने ।

९) बाल विवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागी हुन छाडेको हुनु पर्ने ।

१०) घरदैलो अभियानमार्फत वस्ती तथा वडाका सबै बालबालिका, किशोर किशोरी र अभिभावकहरुलाई बाल विवाहका विषयमा सचेत गराई बाल विवाह हुन नदिने र कदाचित भएमा कानुनी प्रक्रिया अवलम्बन गर्ने प्रतिवद्धता गराएको हुनु पर्ने ।

११) बालबालिका आफैले गरेको वा स्वेच्छिक विवाह समेतलाई आवश्यकता अनुसार मनोविमर्श सेवा दिई बालबालिकालाई आफ्नै अभिभावकको जिम्मा दिने वा आवश्यकता अनुसार आवधिक हेरचाह गृहमा राखी सेवा प्रदान गरेको हुनु पर्ने ।

१२) बाल विवाह मुक्त वडा घोषणा गर्नको लागि वडाको वार्षिक तथ्याँक अनुसार जम्मा विवाह मध्ये उमेर पुगी गरेको वा कानूनले स्विकार गरेको विवाहको तथ्यांकमा ९० प्रतिशत वा सोभन्दा बढी पुगेको हुनु पर्ने । वा बालविवाह मुक्त घोषणाको अघिल्लो वर्ष कम्तिमा ८० प्रतिशत बालविवाहमा कमी आएको हुनु पर्ने ।

१३) गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्नकालागि ९० प्रतिशत वडाहरु बालविवाह मुक्त वडा घोषणा भएको हुनु पर्ने ।

१४) पालिका तथा वडामा अनिवार्य विवाहदर्ता गर्ने गरिएको हुनु पर्ने ।

## परिच्छेद - ४
## सरोकारवालाहरूको भूमिका

**६. सरोकारवालाको भूमिका**

१) जन्मदर्तालाई बाल बालिकाको नैसर्गिक अधिकारको रुपमा लिई १८ वर्ष मुनिका सम्पूर्ण बालबालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।

२) बालविवाहका घटनाको न्यायिक प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्णरुपमा रोक्नका लागि सबै सरौकारवालाहरु प्रतिबद्ध भई सहयोग गर्ने ।

३) विद्यालय, समुदाय एवम् सम्पूर्ण सार्वजनिक स्थलमा बाल संरक्षण सम्बन्धी संयन्त्रमार्फत आचार संहिता निर्माण गरी पूर्णरुपमा लागु गर्ने ।







४) बाल विवाह विरुद्धको अभियानमा सवै पक्षले स्थानीय वाल अधिकार समिति तथा वडा वाल अधिकार समितिसंग आवश्यक सहयोग र सहकार्य गरी बाल विवाह निषेध गर्न सहयोग गर्ने ।

५) सबै सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुले आ-आफ्नो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा बाल विवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलाप समावेश गरी संचालन गर्ने ।

६) बाल विवाह सम्बन्धि घट्नाको स्थलगत अनुगमन पछि प्रतिबेदन तयार गरी बाल अधिकार समिति मार्फत कारवाहीका लागि सिफारिस गर्ने ।

७) गाउँ बाल अधिकार समितिको अगुवाईमा बाल विवाहसम्बन्धी गाउँ स्तरीय रणनैतिक योजना निर्माण गरी लागू गर्ने ।

८) बाल विवाह मुक्त वडा र पालिका घोषणा पश्चातपनि समुदायस्तरमा नियमित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद - ५
## बाल विवाहमुक्त वडा तथा पालिका घोषणाको दिगोपना

**७. घोषणाको दिगोपना**

१) बालविवाहमुक्त वडा तथा गाउँपालिका घोषणा पश्चात वडा तथा पालिका स्तरीय बाल अधिकार समितिको नेतृत्वमा सवै सरोकारवालाहरु र बालबालिकाह सहितको उपस्थितिमा वार्षिक कार्ययोजना निर्माण गरिएको हुनु पर्ने ।

२) बालविवाहमुक्त वडाका सूचकहरुको प्रगति कायम राख्न तथा वार्षिक कार्ययोजना कार्यान्वियनका लागि वडा कार्यालय तथा गाउँपालिकाले आवश्यक वजेट विनियोजन गरी कार्यान्वयनमा ल्याएको हुनु पर्ने ।

३) प्रत्येक बालबालिकाहरुको जन्मदर्ता सुनिश्चित गर्ने संयन्त्र स्थापना गरी कार्यक्रम सञ्चालनमा ल्याएको हुनु पर्ने ।

४) बालविवाहका घटनाको उजरी र घटनाको सम्वोधन संयन्त्र वडा तथा पालिकास्तरमा प्रभावकारीरुपमा सञ्चालनमा आएको हुनु पर्ने ।

५) पालिका तथा वडास्तरमा अर्धवार्षिकरुपमा बालबिवाहको अवस्थाका वारेम सरोकारवालाहरुसंग छलफल एवं समिक्षा हुनु पर्ने ।

**८.** यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**९. बाधा अडकाउ फुकाउने अधिकार**: यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या गर्ने अधिकार गुराँसगुराँस गाउँ कार्यपालिकालाई हुनेछ ।

**१०. संशोधन**: यस निर्देशिकामा आवश्यकता अनुसार नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

आज्ञाले
**बम बहादुर के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**